# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को
## मिति २०८१।०६।०७ गते बसेको २०३ औ बैठकको निर्णय उतार प्रतिलिपि

**निर्णय नम्बर ११५० विषय : प्रा. शि. तथा व्या. तालिम सभा गर्ने सम्बन्धमा ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ५(क) बमोजिमको सभा मिति २०८१ साल कार्तिक ११ गते आईतबार विहान ११ बजे प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरमा सभा गर्ने ।

**निर्णय नम्बर ११५१ विषयः परीक्षामा कार्यरत कर्मचारीहरुको अतिरिक्त समय वापतको भत्ता सम्बन्धमा ।**

परीक्षामा कार्यरत कर्मचारीहरुको अतिरिक्त समय वापतको भत्ता सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यबसायिक तालीम परिषद, परीक्षा सम्बन्धी बिनियमावली २०७१ को विनियम ५२(४) मा भएको व्यवस्थाको सम्बन्धमा छलफल भयो ।

**निर्णय नम्बर ११५२ विषयः परिषदका आंगिक शिक्षालयहरुमा प्रमाणपत्र तहको नर्सिङ्ग कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसख्या मन्त्रालयबीच समन्वय गरी परिषद् अन्तर्गत देशभरका आंगिक शिक्षालयहरुमा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम तथा स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रमहरु संचालन गर्नको लागि परिषद्का आंगिक शिक्षालयहरु र विभिन्न जिल्ला तथा संघीय र प्रादेशिक अस्पतालहरुका बीचमा द्विपक्षीय सम्झौता भएका १०० शैय्याका सरकारी अस्पतालसंग समन्वय गरी प्रमाणपत्र तहका नर्सिङ्ग कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगसँग समन्वय गरी परिषद्का देहायका शिक्षालयहरुमा चालू शैक्षिक सत्र २०८१/०८२ देखि कार्यक्रम सञ्चालन गर्ने ।

१. निर्मल लामा वहुप्रविधिक शिक्षालय, बर्दिवास महोत्तरी,
२. सहिद कृष्णसेन इच्छुक वहुप्राविधिक शिक्षालय घोराही, दाङ ,
३. कर्णाली प्राविधिक शिक्षालय, जुम्ला

**निर्णय नम्बर ११५३ विषयः प्रतिवेदन सम्बन्धमा ।**

प्राविधक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८१।०४।२२ गतेको २०० औं बैठकको निर्णयवाट परिषद् अन्तर्गतका आंगिक शिक्षालयहरुमा प्रि–डिप्लोमा, डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेकका शिक्षालयहरुमा संचालित कार्यक्रमहरुको समायोजन, प्रशिक्षार्थीहरुको समायोजन र सेवा करारमा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा अध्ययन गरी प्रतिवेदन पेश श्री दामोदर देवकोटाको संयोजकत्वमा गठित कार्यटोलीले दिएको प्रतिवेदन पेश भई प्रतिवेदनमाथि छलफल हुँदा प्रतिवेदनले दिएको सुझाबका आधारमा कार्ययोजना तयार गरी अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नम्बर ११५४ विषयः परिषदबाट सम्बन्धन प्राप्त संस्थाहरुको कार्यक्रम हस्तान्तरण, नामसारी, ठाउँसारी तथा स्वामित्व हस्तान्तरण र मनशाय पत्र सम्बन्धमा ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १२ मा "परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार परिषद्को समिति, उपसमिति, कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ" भन्ने व्यवस्था भए बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०७७ माघ १५ गतेको १८४ औं बैठकको निर्णय नम्बर १०८८ बाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १२ बमोजिम परिषद्का उपाध्यक्षलाई प्रत्यायोजन भएको अधिकार हालसम्म भए गरेका काम कारवाहीका लागि अभार ज्ञापन गरी अब उप्रान्त सो प्रत्यायोजित अधिकार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १२ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदमा नै निहित रहने ।

**निर्णय नम्बर ११५५ विविध :**

**(क) विषयः कार्यक्रममा कोटा थप सम्बन्धमा ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट सम्बन्धन प्राप्त स्वास्थ्य सेवा विभाग अन्तर्गत राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकुद्वारा बायोमेडिकल इक्विपमेण्ट इन्जिनियरिङ्ग कार्यक्रममा प्रशिक्षार्थी भर्नाका लागि २४ कोटा सहित कार्यक्रम संचालन गरिरहेकोमा चालू शैक्षिक सत्रदेखि ६(छ) कोटा थप गरी जम्मा ३० (तीस) कोटा सचालन गर्ने ।

**ख) विषयः उच्चस्तरीय कार्यटोलीको संयोजक सम्बन्धमा ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको मिति २०८१।०४।२२ गतेको २०० बैठकको निर्णयबाट श्री सूर्य प्रसाद गौतमलाई उच्चस्तरीय कार्यटोलीको संयोजक तोकिएमा निजले सेवा निरन्तर गर्न असमर्थता रहेको जानकारी गराउनु भएकोले उक्त कार्यटोलीको संयोजकको जिम्मेवारी परिषद्का सदस्य एवम् राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री गिता पौडेल अधिकारीलाई तोक्ने र उक्त कार्यटोलीको म्याद २०८१ मसीर १५ गतेसम्म थप गर्ने ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर